वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १७२ | २०८३ कात्तिक १३ गते शुक्रबार, नेपाल सम्वत् ११४६ October 30, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



बुडुवा फाँटमा धान पाक्यो : तनहुँको भिमाद नगरपालिका-५ स्थित बुडुवा फाँटमा वर्खे धान पाकेपछि पहेलपुर भएको छ । धान पाकेर पहेँलपुर भएका खेतमा यतिबेला किसानलाई बाली भित्र्याउने चटारो छ । बङ्गालको खाडीमा विकसित 'अर्णव' चक्रवातको प्रभावले वर्षा हुन सक्ने पूर्वानुमानपछि तनहुँका किसान पाकेको धान वर्षाले बिगार्ने हो कि भन्ने चिन्तामा परेका छन् । *तस्विर : प्रताप राना/भञ्ज्याङ*

दमौलीमा १५ वर्षपछि इलेभेन ए साइड फुटबल प्रतियोगिता गरिदै

१४ वडाबीच प्रतिस्पर्धा, विजेतालाई रू एक लाख

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीमा १५ वर्षपछि इलेभेन ए साइड वडास्तरीय फुटबल प्रतियोगिता हुने भएको छ । व्यास नगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा शुक्रबारदेखि व्यास नगरपालिका-३ स्थित बीपी वनवाटिकामा सुरू हुने प्रतियोगितामा नगरपालिकाका १४ वटै वडाका टोलीले प्रतिस्पर्धा गर्नेछन् ।



प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजकले बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। प्रतियोगितामा सम्बन्धित वडाभित्रकै खेलाडीले मात्र सहभागिता जनाउन पाउने व्यवस्था गरिएको छ ।

प्रतियोगिताको विजेताले एक लाख रूपैयाँ, उपविजेताले ७५ हजार रूपैयाँ र तृतीय हुने टोलीले ५० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएको छ ।

व्यास नगरपालिका-६ का वडाध्यक्ष एवं नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरूङले व्यवस्थित खेलमैदानको अभावका कारण लामो समयदेखि इलेभेन ए साइड फुटबल प्रतियोगिता आयोजना हुन नसकेको बताए । बीपी वनवाटिकास्थित खेलमैदान व्यवस्थित हुने चरणमा रहेकाले १५ वर्षपछि प्रतियोगिता आयोजना गर्न लागिएको उनले जानकारी दिए ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले खेलकुद क्षेत्रको विकासलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताए । खेलकुद गतिविधि विस्तार गर्न वडास्तरमा पूर्वाधार निर्माण भइरहेको र दमौलीमा खेलमैदानको अभाव सम्बोधन गर्न संघीय सरकारको सहयोगमा मैदान स्तरोन्नतिको काम अघि बढाइएको उनले जानकारी दिए ।

लामो समयपछि हुन लागेको प्रतियोगितालाई स्थानीय खेलाडीको प्रतिभा पहिचान र फुटबलको विकासका दृष्टिले महत्वपूर्ण मानिएको छ । वडास्तरमा नियमित प्रतियोगिता सञ्चालन हुँदा खेलाडीले प्रतिस्पर्धाको अवसर पाउनुका साथै नयाँ प्रतिभालाई जिल्ला तथा राष्ट्रियस्तरका प्रतियोगितासम्म पुग्ने आधार तयार हुने अपेक्षा गरिएको छ ।

स्थानीयस्तरमा फुटबलको विकासका लागि प्रतियोगितासँगै नियमित प्रशिक्षण, खेलमैदानको व्यवस्थापन र खेलाडी उत्पादनमा समेत ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ ।

तनहुँमा विकास आयोजनाको प्राथमिकतामा वन क्षेत्र, ७१८ हेक्टर प्रयोगको अनुमति

जलविद्युत् र प्रसारण लाइनमा सबैभन्दा बढी उपयोग, क्षतिपूर्ति वृक्षरोपण र सट्टाभर्नाको काम विभिन्न चरणमा

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँमा ऊर्जा, पर्यटन तथा अन्य पूर्वाधार विकासका आयोजनाले ७१८ दशमलव ५८ हेक्टर वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएका छन् । जिल्लामा सञ्चालित तथा निर्माणका विभिन्न चरणमा रहेका आयोजनामध्ये तनहुँ जलविद्युत् आयोजना र विद्युत् प्रसारण लाइनले सबैभन्दा बढी वन क्षेत्र ओगटेका छन् ।

डिभिजन वन कार्यालय तनहुँका अनुसार जलविद्युत् उत्पादन, विद्युत् प्रसारण प्रणाली विस्तार, केबलकार, रिसोर्ट र अन्य पूर्वाधार निर्माणका लागि सरकारी वन क्षेत्र उपलब्ध गराइएको हो । ठूला ऊर्जा आयोजनालाई आवश्यक पर्ने संरचना निर्माणका क्रममा वन क्षेत्र उपयोग गर्नुपरेको कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार वन क्षेत्र प्रयोग गर्ने आयोजनाको प्रकृति र प्रगति फरक-फरक छ। कुनै आयोजनामा जग्गा सट्टाभर्ना गरी क्षतिपूर्ति वृक्षरोपण भइरहेको छ भने कुनैले वार्षिक राजस्व तथा कबुलियती दस्तुर बुझाउँदै आएका छन्। कतिपयमा रूख छपान तथा कटानको काम भइरहेको छ भने केही आयोजनाको वन क्षेत्र प्रयोगसम्बन्धी प्रस्ताव विभागमा विचाराधीन छ ।

तनहुँ जलविद्युत् आयोजनाले मात्रै ४१७ हेक्टर

जिल्लामा विकास आयोजनाका लागि उपलब्ध गराइएको वन क्षेत्रमध्ये तनहुँ जलविद्युत् आयोजनाको हिस्सा सबैभन्दा ठूलो छ । उक्त आयोजनाले ४१७ दशमलव ३४ हेक्टर वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएको छ ।

विद्युत् प्रसारण प्रणाली विस्तारका लागि सञ्चालित आयोजनाले पनि उल्लेख्य वन क्षेत्र उपयोग गरेका छन् । एमसिए नेपाल अन्तर्गतको ४०० केभी विद्युत् प्रसारण लाइन आयोजनाले १४२ दशमलव ६६ हेक्टर वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएको छ । भरतपुर २२० केभी प्रसारण लाइन आयोजनाले १७ दशमलव ७५ हेक्टर तथा मध्यमर्स्याङ्दी-डुम्रे-दमौली १३२ केभी प्रसारण लाइन आयोजनाले १४ दशमलव ८५ हेक्टर वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएका छन् ।



तनहुँ हाइड्रोपावरको २२० केभी प्रसारण लाइनका लागि ९२ दशमलव ७३ हेक्टर वन क्षेत्र उपलब्ध गराइएको छ ।

यसैगरी, मर्स्याङ्दी करिडोरअन्तर्गत उदीपुर-न्यू भरतपुर २२० केभी प्रसारण लाइन आयोजनाका लागि शून्य दशमलव ८० हेक्टर वन क्षेत्र प्रयोग गर्न राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको केरावारी-न्यू मर्स्याङ्दी १३२ केभी प्रसारण लाइन आयोजनाका लागि शून्य दशमलव ८० हेक्टर वन क्षेत्र प्रयोग गर्न

बाँकी तेश्रो पेजमा

कांग्रेसका नवनिर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यले लिए शपथ

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी तथा कार्यसमिति सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिएका छन् ।



बिहीबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित विशेष समारोहमा सभापति गगनकुमार थापाले नवनिर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यहरूलाई शपथ गराएका थिए ।

सभापति थापाले यसअघि असोज ३१ गते नै पद तथा गोपनीयताको शपथ लिएका थिए। शपथ ग्रहणपछि नवनिर्वाचित केन्द्रीय सदस्यहरूलाई निर्वाचित भएको प्रमाणपत्रसमेत वितरण गरिएको थियो ।

सम्पादकीय .....

www.bhanjyangnews.com

थानीमाई मन्दिर : आस्था, सौन्दर्य र सद्भावको अद्वितीय धरोहर

तनहुँको भानु नगरपालिका-७ वसन्तपुरस्थित थानीमाई मन्दिर आज केवल पूजा-आराधनाको स्थान होइन, आस्था, विश्वास, सद्भाव र सौन्दर्यको संगम बनेको छ। चार सय वर्षभन्दा अगाडिदेखि स्थानीय समुदायको जीवनसँग गाँसिएको यो तीर्थस्थल अहिले देशका विभिन्न जिल्लाबाट भक्तजन आउने गन्तव्य बनेको छ। वि.सं. १८२५ तिर भोटेनी आमाछोरी हावाहुरीमा परेपछि अन्तर्ध्यान भएको किंवदन्तीले सुरू गरेको यो मन्दिर आज जनआस्थाको केन्द्र बनिसकेको छ । कात्तिक महिनाका मंगलबारहरूमा यहाँको दृश्य अत्यन्तै भव्य र रमाइलो हुन्छ । यस वर्ष मात्रै दोस्रो, तेस्रो र चौथो मंगलबार बीस हजारभन्दा बढी भक्तजनले थानीमाईको दर्शन गरेका छन् । फूलको डोली विभिन्न जिल्लाबाट बोकेर आएका भक्तजनले परिक्रमा गर्दै 'थानीमाईको जय जयकार' गुञ्जाएपछि वसन्तपुर डाँडा धार्मिक उल्लासले भरिन्छ । तनहुँ, लमजुङ, गोरखा, चितवन, काठमाडौं, कास्की र नवलपरासीसम्मका भक्तजनले फूलको डोलीसहित पूजा-अर्चना गर्ने परम्परा जीवित छ । विश्वास छ- थानीमाईलाई फूलको डोली चढाउनेले मनोकामना पूरा पाउँछन् ।


मन्दिरको आस्थासँगै यहाँको सामाजिक संरचना पनि उदाहरणीय छ । यहाँ जातीय भेदभाव छैन, सबै धर्मावलम्बीहरूको समान पहुँच छ । मन्दिरमा मगर समुदायका पूजारीहरु छन्, दलित र अन्य समुदायका भक्तजन बराबरी श्रद्धासाथ प्रवेश गर्छन् । यहाँ बलि चढाइँदैन, जसले मन्दिरलाई सफा र शान्त बनाएको छ । थानीमाई मन्दिर सद्भाव र सहअस्तित्वको जीवन्त प्रतीक बनेको छ- जहाँ ब्राह्मण, क्षत्री, मगर, नेवार, दलित र मुस्लिमहरु एउटै आस्थाको छातामुनि भेटिन्छन् । मन्दिरसँग जोडिएको जनश्रुति पनि रोचक छ । भोटबाट आएकी आमाछोरीले गाउँलेबाट बास नपाएर कटुसको रूखमुनी बिताएको रात र त्यसपछि आएको विपत्ति- यी कथाहरूले यहाँको धार्मिक चेतनामा गहिरो प्रभाव पारेका छन्। त्यही घटनालाई देवत्वको रूपमा स्वीकार्दै जमलसिंह पाटामगरले सपनामा पाएको सन्देशअनुसार पूजाआजा सुरू भयो र थानीमाईको आराधना सुरू भई आजसम्म निरन्तर रहँदै आएको छ ।

२०७२ सालको भूकम्पले मन्दिरमा क्षति पुऱ्याएको थियो । तर, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको १४ लाख र मन्दिरको भेटीबाट संकलित रकम गरी करिब २० लाख रूपैयाँको लागतमा पुनर्निर्माण सम्पन्न भएको छ । अहिले मन्दिरको पर्खाल र अन्य संरचना अझै सुदृढ पार्ने योजना छ, तर स्रोतको अभावले रोकिएको छ । त्यस्तो अवस्था भए पनि व्यवस्थापन समितिले मन्दिरको आम्दानीबाट खानेपानी, शौचालय, पौवा र भक्तजनका लागि बस्ने व्यवस्था जस्ता आवश्यक पूर्वाधार तयार पारेको छ । हरेक वर्ष करिब पाँच लाख रूपैयाँ आम्दानी हुने गरेको र त्यसैबाट पूजारी र कर्मचारीको पारिश्रमिक व्यहोर्ने गरिएको समितिले बताएको छ । मन्दिरको धार्मिक आस्था र विश्वाससँगै भौगोलिक र प्राकृतिक सौन्दर्यले पनि पर्यटकलाई लोभ्याउँछ । समुद्री सतहबाट करिब १,२०० मिटर उचाइमा रहेको मन्दिरबाट हिमालको सेता श्रृंखला, गोरखाको लिगलिग कोट, पालुङटार, राइनसकोट, तनहुँसुर दरबार, मिर्लुङकोटदेखि छिम्केश्वरीसम्मको विहङ्गम दृश्य एकै नजरमा अवलोकन गर्न सकिन्छ । यहाँको हिमाल छोएको बतास र हरियाली डाँडाकाँडा धार्मिकता मात्र होइन, ध्यान र विश्रान्तिको पनि अद्भुत वातावरण दिन्छ ।

थानीमाई मन्दिरमा पुग्ने बाटो भने कच्चिनै छ । डुम्रे-बेसिशहर सडकखण्डको अर्चलधारासम्म पिच सडक र त्यहाँबाट लौडारी भञ्ज्याङ हुँदै १६ किलोमिटर कच्ची सडक पार गर्नुपर्छ । वैकल्पिक रूपमा डुम्रे-भन्सार हुँदै चुँदी टुहुरेपसल र चन्द्रावतीतर्फको बाटो पनि छ । यसअघि भक्तजन हिँडेरै फूलको डोलीसहित पुग्थे, अहिले भने सवारी सुविधाले यात्रा सहज बनाएको छ । थानीमाई मन्दिर तनहुँको मात्र नभई गण्डकी प्रदेशकै धार्मिक-पर्यटकीय सम्पदाको महत्वपूर्ण केन्द्र बन्न सक्ने क्षमता राख्छ । यहाँको सांस्कृतिक परम्परा, प्राकृतिक दृश्य र धार्मिक समावेशिताले यस क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सक्ने सम्भावना प्रष्ट छ । भानु नगरपालिकाले मन्दिर क्षेत्रको पूर्वाधार, सडक र प्रचारमा प्राथमिकता दिएको बताएको छ, तर त्यो पर्याप्त छैन । अझ योजनाबद्ध पर्यटन पूर्वाधार, नियमित प्रचार-प्रसार र स्थानीय सहभागिताको सशक्त संयोजन आवश्यक छ । थानीमाई मन्दिर आस्थाको केन्द्र मात्रै होइन- सामाजिक सद्भाव, जातीय सहिष्णुता र प्रकृतिप्रेमको सुन्दर उदाहरण हो । तनहुँको पहिचान बोकेको यो धरोहरलाई देशकै धार्मिक-पर्यटकीय केन्द्रका रूपमा रूपान्तरण गर्न सके, यो केवल तनहुँको गौरव होइन, नेपालको पनि शान बन्न सक्छ ।

राष्ट्रवादको बहस : भारतसंग मित्रता, राष्ट्रिय स्वाभिमानसंग सम्झौता होइन

स्वर्णिम वाग्लेको अभिव्यक्ति र तनहुँ-१ का नागरिकको लोकतान्त्रिक प्रश्न



भारतको नयाँ दिल्लीमा आयोजित एनडीटीभी वर्ल्ड समिटमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपालमा भारतविरोधी राष्ट्रवादको समय सकिएको आशय व्यक्त गरेपछि नेपाली राष्ट्रियता माथि बहस सुरू भएको छ। यस्तो बहस हुनु अस्वाभाविक होइन । छिमेकी भारतसँगको सम्बन्ध नेपालीको दैनिक जीवन, व्यापार, रोजगारी र राष्ट्रिय सुरक्षासँग जोडिएको छ । त्यसैले यस विषयमा आएका अभिव्यक्तिलाई न त आवेगमा समर्थन वा विरोध गर्नुपर्छ, न त प्रश्न उठाउने नागरिकलाई तुरून्तै कुनै कित्तामा राख्नुपर्छ । आवश्यक कुरा हो-के भनिएको हो, किन भनिएको हो र त्यसले नेपालको राष्ट्रिय हितबारे के संकेत गर्छ भन्ने कुरा शान्त भएर बुझ्नु ।

नेपाल र भारतबीचको सम्बन्ध नक्सा र कूटनीतिक दस्तावेजमा मात्र सीमित छैन । खुला सीमाना, पारिवारिक सम्बन्ध, संस्कृति, व्यापार, शिक्षा र रोजगारीले दुई देशका नागरिकलाई पुस्तौंदेखि जोड्दै आएका छन । भारतसँग राम्रो सम्बन्ध राख्नु नेपालको आवश्यकता हो । तर मित्रताको अर्थ आफ्ना समस्या लुकाउनु वा राष्ट्रिय हितका विषयमा चुप लाग्नु होइन । सच्चा मित्रता भनेको असहमतिका विषयमा पनि खुलेर कुरा गर्न सक्ने सम्बन्ध हो । छिमेकीसँग हातेमालो गर्नु र आफ्नो सार्वभौमिकता तथा स्वाभिमानको रक्षा गर्नु एकअर्काका विरोधी काम होइनन। डा. वाग्लेले यसको हेक्का किन राखेनन?

राष्ट्रवादलाई भारतप्रतिको घृणासँग बराबर ठान्नु गलत हो । त्यस्तै, नेपालका जायज प्रश्नलाई भारतविरोधी भावना भनेर पन्छाउनु पनि उचित हुँदैन। सीमा विवाद, असमानताको अनुभूति भएका सन्धि-सम्झौता, व्यापार तथा पारवहनका कठिनाइ र सीमावर्ती क्षेत्रमा नागरिकले भोग्ने डुबानजस्ता विषय नेपालीका वास्तविक सरोकार हुन । यी प्रश्न उठाउनु छिमेकीसँग शत्रुता खोज्नु होइन; सम्बन्धलाई अझ न्यायपूर्ण र दिगो बनाउने प्रयास हो । असहमति हुनु शत्रुता होइन, र समान व्यवहारको माग गर्नु कूटनीतिक सम्बन्ध बिगार्ने काम पनि होइन भन्ने सामन्य तथ्य लाइ वाग्लेले नजर अन्दाज गरेको पाइयो ।

फ्रान्सेली विचारक अर्नेस्ट रेनाँले सन् १८८२ मा राष्ट्रबारे दिएको चर्चित व्याख्यानमा राष्ट्रलाई साझा इतिहाससँगै सँगै भविष्य निर्माण गर्ने नागरिकको इच्छासँग पनि जोडेका थिए। यस विचारले एउटा महत्त्वपूर्ण कुरा सम्झाउँछ- राष्ट्र केवल नारा, भूगोल वा भावनाको नाम होइन । नागरिकको सम्मान, न्याय, समानता र आफ्ना निर्णय आफैं गर्न सक्ने क्षमता पनि राष्ट्रको आधार हुन । त्यसैले राष्ट्रवादलाई उत्तेजक भाषणबाट मात्र नाप्न मिल्दैन; देश र नागरिकको हितमा गरिएका कामबाट पनि नाप्नुपर्छ । डा. वाग्लेको राष्ट्रवादको परिभाषामा रेनाको विचर किन समेटिन सकेन ?

कांग्रेसका संस्थापक नेता एवं पुर्व प्रम विपि कोइरालाका अनुसार नेपालको राष्ट्रवादको अर्थ भारतसँग वैरभाव राख्नु होइन। यसको अर्थ नेपालका निर्णय नेपाली नागरिकको हित, संविधान र राष्ट्रिय आवश्यकताका आधारमा हुनु हो । नेपालले भारतसँग व्यापार बढाउनु, लगानी भित्र्याउनु, ऊर्जा, पर्यटन, प्रविधि र यातायातमा सहकार्य गर्नु आवश्यक छ । तर सहकार्य पारस्परिक सम्मान र दुवै पक्षलाई न्यायोचित लाभ हुने आधारमा अघि बढ्नुपर्छ । नेपालको भौगोलिक अवस्था र आर्थिक निर्भरतालाई हेर्दा कूटनीति भावनाले मात्र चल्दैन; तथ्य, तयारी, स्पष्ट प्राथमिकता र राष्ट्रिय सहमतिले पनि चल्नुपर्छ ।

डा. वाग्ले अर्थशास्त्री मात्र होइनन् उनी तनहुँ-१ बाट निर्वाचित सांसद र सरकारका अर्थमन्त्री पनि हुन् । त्यसैले उनको विवादस्पद भनाइबारे सार्वजनिक प्रश्न उठ्नु स्वाभाविक हो । तर आलोचना गर्नुअघि उनको पूरा अभिव्यक्ति, त्यसको सन्दर्भ र वास्तविक आशय बुझ्नु उत्तिकै जरूरी छ । कुनै एउटा वाक्य वा समाचारको शीर्षकका आधारमा अन्तिम फैसला सुनाउनु न्यायोचित हुँदैन । अर्कोतर्फ, प्रश्न उठाउने नागरिकलाई देश विरोधी वा भारत विरोधी भनेर खारेज गर्न पनि मिल्दैन । लोकतन्त्रमा जनप्रतिनिधिको भनाइ र काम दुवैको परीक्षण गर्न पाइन्छ ।

तनहुँ-१ का मतदातासँग आफ्नो प्रतिनिधिसँग प्रश्न गर्ने अधिकार छ । निर्वाचन जितेपछि जनप्रतिनिधि प्रश्नभन्दा माथि पुग्दैनन । उनीहरूले राष्ट्रिय हित, परराष्ट्र नीति र सरकारको निर्णयबारे स्पष्ट पार्नुपर्छ। तर प्रश्नको उद्देश्य व्यक्तिलाई अपमानित गर्नु होइन, सार्वजनिक जिम्मेवारी बुझ्नु हुनुपर्छ। नागरिक समाज, सञ्चारकर्मी, प्राध्यापक, कानुन व्यवसायी, युवा र राजनीतिक दलका प्रतिनिधि सहभागी हुने खुला संवादले सामाजिक सञ्जालको आरोप-प्रत्यारोपभन्दा बढी उपयोगी निष्कर्ष निस्कन सक्छ ।

नागरिकले केही सीधा प्रश्न राख्न सक्छन । 'भारतविरोधी राष्ट्रवादको युग सकियो' भन्नाले उहाँले कस्तो राष्ट्रवादलाई जनाउनुभएको हो? भारतसँग मित्रता कायम राख्दै नेपालको सार्वभौमिकता, सीमा र समानताको पक्षमा दृढतापूर्वक उभिने राष्ट्रवादबारे उहाँको धारणा के हो? उहाँको अभिव्यक्ति सरकारको आधिकारिक परराष्ट्र नीतिसँग कसरी जोडिन्छ ? नेपाल-भारत सम्बन्धमा देखिएका समस्याबारे सरकारको प्राथमिकता र समाधानको बाटो के हो ? यी प्रश्न सोध्नु कसैलाई राष्ट्रवादको प्रमाणपत्र माग्नु होइन; जनप्रतिनिधिबाट स्पष्टता खोज्नु हो ।

यसका लागि नागरिकले मर्यादित र कानुनसम्मत उपाय अपनाउन सक्छन । प्रश्नहरु लिखित रूपमा सांसदको कार्यालयमा बुझाउन सकिन्छ । स्थानीय नागरिक समाजको पहलमा गैरदलीय सार्वजनिक संवाद आयोजना गर्न सकिन्छ। सञ्चारमाध्यममा तथ्यमा आधारित लेख, अन्तर्वार्ता र बहस चलाउन सकिन्छ । सरकारको आधिकारिक नीति र मन्त्रीको अभिव्यक्तिबीच सम्बन्धबारे संसदीय प्रक्रियामार्फत पनि प्रश्न उठाउन सकिन्छ। आवश्यक परे शान्तिपूर्ण नागरिक अभियानबाट स्पष्टीकरण माग्न सकिन्छ। यस्तो अभियान प्रमाणमा आधारित, अहिंसात्मक र सबैको सम्मान गर्ने खालको

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

वृष
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

मिथुन
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरुसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

कर्कट
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

सिंह
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

कन्या
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

तुला
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

वृश्चिक
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

धनु
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

मकर
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरूको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

कुम्भ
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

मीन
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।

मुक्तिनाथमा भारतीय दूतावासको धर्मशाला खण्डहर बन्दै

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

मुस्ताङको प्रसिद्ध धार्मिक गन्तव्य मुक्तिनाथ पुग्ने तीर्थयात्रीलाई लक्षित गरी निर्माण गरिएको धर्मशाला वर्षौंदेखि उपयोगविहीन छ । संरक्षण र मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएको भवन सञ्चालनमा आउन नसक्दा तीर्थयात्रीले पाउन सक्ने सुविधा खेर गएको छ ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ रानीपौवामा रहेको उक्त धर्मशाला भारतीय दूतावासको आर्थिक सहयोगमा निर्माण गरिएको हो । मुक्तिनाथ मन्दिर दर्शनका लागि आउने भारतीय तीर्थयात्रीलाई लक्षित गरी बनाइएको भवन अहिले प्रयोगविहीन अवस्थामा पुगेको छ। पर्याप्त बजेट र व्यवस्थापनको टुङ्गो नलाग्दा धार्मिक पर्यटनसँग जोडिएको यो संरचना उपयोगमा आउन नसकेको हो ।

धर्मशाला निर्माणका लागि भारतीय दूतावासले दुई करोड ५२ लाख रूपैयाँ खर्च गरेको थियो । सन् २००९ डिसेम्बरमा शिलान्यास गरिएको भवनको सन् २०१० जुन २० मा तत्कालीन भारतीय राजदूत राकेश सुदले उद्घाटन गरेका थिए । तर, निर्माण सम्पन्न भएर हस्तान्तरण भएको केही समयपछि नै अपेक्षित रूपमा सञ्चालन हुन नसकेको यो संरचना अहिले मर्मत गर्नुपर्ने अवस्थामा पुगेको छ ।

भवनमा आगन्तुक स्वागत कक्ष, बैठक कक्ष, बाथरूमसहितका १० कोठा, आठ साधारण कोठा, भान्सा र सुरक्षा कक्षलगायतका संरचना छन् । भारतीय तीर्थयात्रीलाई शाकाहारी भोजन तथा आवासको सुविधा उपलब्ध गराउने उद्देश्यले बनाइएको धर्मशाला सञ्चालनमा आउन सकेको भए मुक्तिनाथ पुग्ने यात्रुका लागि थप सहजता हुने थियो ।

धर्मशालाको सञ्चालन तथा संरक्षणको जिम्मेवारीसम्बन्धी व्यवस्था पनि पटक-पटक परिवर्तन भएको छ। भारतीय दूतावासले तत्कालीन जिल्ला विकास समितिमार्फत भवनको सञ्चालन तथा संरक्षणको जिम्मा मुक्तिनाथ विकास समितिलाई हस्तान्तरण गरेको थियो । पछि, विसं २०८० साउनको दोस्रो साता बसेको बैठकले धर्मशालाको सञ्चालन र व्यवस्थापन वारागुङ मुक्तिनाथ विकास समितिलाई दिने लिखित निर्णय गरेको थियो । तर, जिम्मेवारी हस्तान्तरणको निर्णय भए पनि आवश्यक स्रोत जुट्न नसक्दा भवन सञ्चालनमा ल्याउन सकिएको छैन ।



वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ का वडाध्यक्ष प्रमेश गुरूङका अनुसार धर्मशाला सञ्चालन गर्नुअघि व्यापक मर्मतसम्भार आवश्यक छ । प्रवेशद्वारदेखि भवनका विभिन्न संरचनासम्म सुधार गर्नुपर्ने भएकाले ठूलो रकम खर्च हुने उनको भनाइ छ ।

"तत्काल मर्मतका लागि दुई करोडभन्दा बढी लाग्छ, दाताको खोजीमा छौं", वडाध्यक्ष गुरूङले भने । मुक्तिनाथ विकास समिति का कोषाध्यक्षसमेत रहनुभएका गुरूङले आवश्यक रकम जुटाउन नसक्दा धर्मशाला सञ्चालनको प्रक्रिया अघि बढाउन कठिन भएको बताए ।

धर्मशाला पुनः सञ्चालन गर्न सकेमा मुक्तिनाथ पुग्ने स्वदेशी तथा विदेशी तीर्थयात्रीलाई आवास र भोजनको सुविधा उपलब्ध गराउन सकिने स्थानीयको अपेक्षा छ । विशेषगरी लामो यात्रा गरेर उच्च हिमाली क्षेत्रमा पुग्ने तीर्थयात्रीका लागि व्यवस्थित सेवा आवश्यक भए पनि उपलब्ध संरचनाको उपयोग हुन नसक्नु विडम्बना बनेको छ ।

समुद्री सतहदेखि तीन हजार ६१० मिटर उचाइमा रहेको मुक्तिनाथ मन्दिरमा नेपाली तीर्थयात्रीपछि भारतीय भक्तजनको उल्लेख्य उपस्थिति रहने गरेको छ । हरेक वर्ष डेढ लाखभन्दा बढी भारतीय तीर्थयात्री मुक्तिनाथ पुग्ने गरेको बताइन्छ । यति ठूलो संख्यामा तीर्थयात्री आउने धार्मिक क्षेत्रमा उनीहरूलाई लक्षित गरी बनाइएको संरचना नै उपयोगविहीन रहनुले व्यवस्थापनको चुनौती उजागर गरेको छ ।

मुक्तिनाथ मन्दिर व्यवस्थापन समितिका कर्मचारी दिनेश भुषालका अनुसार धर्मशाला सञ्चालनमा आएमा भारतीय तीर्थयात्रीसँगै नेपाली भक्तजनले पनि सुविधा पाउनेछन् । धार्मिक आस्थासँगै पर्यटनको सम्भावना बोकेको क्षेत्रमा बनेको भवनलाई पुनः प्रयोगमा ल्याउन सके यात्रुको बसाइ सहज बनाउनुका साथै स्थानीय क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्न सक्छ ।

मुक्तिनाथ हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको महत्वपूर्ण केन्द्र हो । मन्दिर परिसरका १०८ धारामा स्नान तथा जलकुण्डमा नुहाउँदा मोक्ष प्राप्त हुने धार्मिक विश्वासका कारण यहाँ देश-विदेशबाट भक्तजन आउने गर्छन्। धार्मिक पर्यटकको निरन्तर आगमन भइरहने स्थानमा रहेको धर्मशालालाई पुनर्जीवन दिन सके उपलब्ध भौतिक संरचनाको सदुपयोग हुनुका साथै तीर्थयात्रीले थप सुविधा पाउनेछन् ।

अब धर्मशालालाई कसले, कुन स्रोतबाट र कति समयभित्र सञ्चालनमा ल्याउने भन्ने विषयमा स्पष्ट योजना आवश्यक देखिएको छ । निर्माणमा ठूलो लगानी भइसकेको संरचनालाई थप जीर्ण हुन दिनुभन्दा सम्बन्धित निकायबीच समन्वय गरी मर्मत, बजेट व्यवस्थापन र दीर्घकालीन सञ्चालनको योजना अघि बढाउनु जरूरी छ ।

तनहुँमा विकास आयोजनाको .....

दिइएको छ । उक्त आयोजनामा वन तथा भूसंरक्षण विभागसँग सम्झौता भई रूख छपानको काम भइरहेको कार्यालयले जनाएको छ।

जलविद्युत् आयोजना र प्रसारण लाइनका लागि वन क्षेत्रको उपयोग हुनुमा विद्युत् उत्पादनसँगै उत्पादित ऊर्जा राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न आवश्यक संरचना निर्माणको भूमिका रहेको छ । विद्युत् गृह, पहुँचमार्ग तथा प्रसारण लाइनका संरचना निर्माण गर्दा वन क्षेत्र प्रयोग गर्नुपर्ने अवस्था आउने गरेको छ ।

पर्यटन पूर्वाधारले पनि उपयोग गर्दै वन क्षेत्र

तनहुँमा वन क्षेत्र प्रयोग गर्ने आयोजनामा ऊर्जा पूर्वाधार मात्रै छैनन् । पर्यटनसँग सम्बन्धित केबलकार र रिसोर्ट तथा अन्य औद्योगिक र जलविद्युत् आयोजनाले समेत वन क्षेत्र उपयोग गरेका छन्।

बन्दीपुर गाउँपालिका-४ मा सञ्चालित बन्दीपुर केबलकार आयोजनाले एक दशमलव ०४ हेक्टर वन क्षेत्र प्रयोग गरेको छ। उक्त आयोजनाका लागि जग्गा सट्टाभर्ना भइसकेको र क्षतिपूर्ति वृक्षरोपणको काम जारी रहेको डिभिजन वन कार्यालयले जनाएको छ । सोही वडामा रहेको बन्दीपुर माउन्टेन रिसोर्टले शून्य दशमलव ९० हेक्टर वन क्षेत्र प्रयोग गरेको छ । रिसोर्टले वार्षिक रूपमा कबुलियती दस्तुर बुझाउँदै आएको छ ।

वाराही क्वेयरी प्रालिले चार दशमलव ८५ हेक्टर वन क्षेत्र प्रयोग गरेको छ । कम्पनीका लागि जग्गा सट्टाभर्ना गरिएको र क्षतिपूर्ति वृक्षरोपणको काम भइरहेको कार्यालयको विवरणमा उल्लेख छ ।

सेतीखोला जलविद्युत् आयोजनाका लागि सेतीखोला हाइड्रोपावर लिमिटेडले चार दशमलव २० हेक्टर वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएको छ । यस आयोजनाका लागि पनि जग्गा सट्टाभर्ना र वृक्षरोपणसम्बन्धी काम जारी छ । आयोजनाको १३२ केभी प्रसारण लाइनका लागि थप दुई दशमलव ७७ हेक्टर वन क्षेत्र प्रयोग गर्ने प्रक्रिया अघि बढाइएको छ । उक्त प्रसारण लाइनमा विभागसँग सम्झौता भई रूख छपान तथा कटानको काम भइरहेको छ।

कालीगण्डकी जलविद्युत् आयोजनाका लागि मौलाकालिका हाइड्रोपावर कम्पनीले १३ दशमलव ६८ हेक्टर वन क्षेत्र प्रयोग गर्ने प्रस्ताव अघि बढाएको छ । प्रस्ताव रायसहित वन विभागमा पठाइएको डिभिजन वन कार्यालयले जनाएको छ ।

वन संरक्षणको दायित्व आयोजनामाथि

विकास निर्माणका लागि वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएसँगै सम्बन्धित आयोजना तथा निकायले प्रचलित कानुन र स्वीकृत सर्तअनुसार राजस्व बुझाउने, जग्गा सट्टाभर्ना गर्ने वा क्षतिपूर्तिस्वरूप वृक्षरोपण गर्नुपर्ने व्यवस्था छ। वन क्षेत्र प्रयोगको प्रकृतिअनुसार आयोजनाले पूरा गर्नुपर्ने दायित्वसमेत फरक हुने गरेको छ ।

कार्यालयका प्रमुख रानाभाटका अनुसार केही आयोजनाले सट्टाभर्नाका लागि जग्गा उपलब्ध गराइसकेका छन् भने केहीमा वृक्षरोपणको काम जारी छ । प्रसारण लाइनका कतिपय आयोजनामा रूख छपान तथा कटानको प्रक्रिया अघि बढाइएको छ । बन्दीपुर माउन्टेन रिसोर्ट र मध्यमर्स्याङ्दी-डुम्रे-दमौली प्रसारण लाइन आयोजनाले वार्षिक दस्तुर वा राजस्व बुझाउँदै आएका छन्।

ऊर्जा उत्पादन र प्रसारण क्षमता विस्तारसँगै विकास आयोजनाका लागि वन क्षेत्रको आवश्यकता पनि बढेको देखिन्छ। तर वन क्षेत्र उपयोगको अनुमति पाउनु मात्र पर्याप्त हुँदैन, स्वीकृत सर्तअनुसार क्षतिपूर्ति तथा संरक्षणसम्बन्धी दायित्व पूरा गर्नु पनि आयोजनाको जिम्मेवारी हो ।

जिल्लामा प्रयोगको अनुमति पाएको वन क्षेत्रको ठूलो हिस्सा ऊर्जा पूर्वाधारसँग सम्बन्धित रहेकाले विकास आयोजना अघि बढाउँदा वन संरक्षणका सर्तको कार्यान्वयन र क्षतिपूर्तिका कामको प्रभावकारी अनुगमन महत्त्वपूर्ण हुने देखिन्छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

राष्ट्रवादको बहस : भारतसंग .....

हुनुपर्छ ।

डा. वाग्ले एउटा व्यक्तिको भनाइबाट पूरै रास्वपा दल वा सरकारको राष्ट्रप्रेमबारे अहिले नै निष्कर्ष निकाल्नु भने हतार हुनेछ रास्वपा दलले आफूलाई नयाँ, राष्ट्रवादी वा विकासमुखी भनेको भरमा उसको मूल्याङ्कन हुँदैन । नीति, निर्णय र व्यवहारले त्यो दाबी पुष्टि गर्दैजानेछ । डा. वाग्लेलाइ ज्ञातनै होला आर्थिक समृद्धि र राष्ट्रिय स्वाभिमान एकअर्काका विकल्प होइनन। राष्ट्रिय स्वाभिमानबिनाको समृद्धिले निर्भरता बढाउन सक्छ । आर्थिक आधारबिनाको राष्ट्रवाद भने नारामै सीमित हुन सक्छ। देशलाई दुवै चाहिन्छ-अवसर सिर्जना गर्ने अर्थतन्त्र र आ्नो हितको रक्षा गर्न सक्ने आत्मविश्वास । के डा वाग्लेको अभिव्याक्तिले नेपालीको आत्मविश्वास वढाएको छ त ?

प्रा.डा. लोकनाथ वराल लेख्नुहुन्छ परराष्ट्र नीतिमा स्थिरता र स्पष्टता दुबै उत्तिकै महत्त्वपूर्ण छन । सरकार परिवर्तन हुँदैमा छिमेकीसँगको सम्बन्धबारे नेपालको आधारभूत दृष्टिकोण अन्योलमा पर्नु हुँदैन । कूटनीतिक वार्ताका सबै विवरण सार्वजनिक गर्न सम्भव नहोला, तर नीतिको उद्देश्य, प्राथमिकता र राष्ट्रिय हितसँगको सम्बन्धबारे सरकारले नागरिकलाई जानकारी दिन सक्छ । पारदर्शिताले कूटनीतिलाई कमजोर बनाउँदैन; उल्टै जनविश्वास बलियो बनाउँछ । राष्ट्रिय महत्वका विषयमा संसद र नागरिकसँग संवाद गर्नु सरकारको जिम्मेवारी हो । खोइ त नेपाल-भारत आर्थिक कुटनीतिक सम्बन्ध र राष्ट्रवाद नयाँ चरणमा पुगेको टिप्पणी गर्नु अघि न त रास्वपा न त डा. वाग्लेले नागरिक सम्वाद गरेको त पाइएन ।

अन्ततः यो बहसलाई 'भारतको पक्ष कि विपक्ष ?' भन्ने साँघुरो प्रश्नमा सीमित गर्नु हुँदैन । नेपाली नागरिकले चाहेको कुरा छिमेकीसँग शान्ति, सहकार्य र मित्रता हो । तर सम्मानसहितको मित्रता हो । हामीलाई आर्थिक अवसर चाहिन्छ, तर त्यसका लागि राष्ट्रिय हितलाई बेवास्ता गर्नु पर्दैन । हामीलाई राष्ट्रवाद चाहिन्छ, तर घृणा र उत्तेजनामा आधारित राष्ट्रवाद भने होइन । डा. वाग्लेको अभिव्यक्तिलाई लिएर उठेको विवादलाई व्यक्तिगत वैमनस्यमा बदल्ने कि तथ्यपूर्ण संवाद र जवाफदेहिताको अवसर बनाउने भन्ने छनोट हाम्रो सामु छ । तनहुँ-१ का नागरिकले संयमित प्रश्न, खुला बहस र लोकतान्त्रिक प्रक्रियामार्फत यो अवसरलाई सार्थक बनाउन सक्छन ।

(लेखक आदिकवि भानुभक्त क्याम्पसका सहप्राध्यापक हुन्)

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली । फोन: ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

व्यास नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला व्यास नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

तपसिल

सि. नं.	नक्शा दरखास्तवालाको नाम ठेगाना	जग्गाको विवरण	१५ दिने सूचना मिति	घरको किसिम	उपस्थित नहुने सधियारको नाम
१	विष्णु खान सावित्र काहुँशिवपुर वडा नं. ९	कर्लुङ ६/फ, व्यास-१ तनहुँ १०१४ (०-२-३-०)	२०८३/०७/१२	RCC	पश्चिम तर्फ पदम बहादुर गाधा

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

सार्वजनिक ऋण नाघ्यो ३० खर्ब, प्रत्येक नेपालीको भागमा १ लाखमाथि ऋणभार

अच्युत पुरी/काठमाडौं

मुलुकको सार्वजनिक ऋण ३० खर्ब नाघेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ पहिलो त्रैमास (साउन-असोज) मा सार्वजनिक ऋण आकार अहिलेसम्मकै उच्च विन्दुमा पुग्दै ३० खर्बको आँकडा छोएको हो ।

गत आव २०८२/८३ अन्तिमसम्म अर्थात् असार २०८३ सम्म सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब बराबर थियो । चालु आव पहिलो तीन महिनामा सरकारले १ खर्ब २३ अर्ब रूपैयाँ ऋण लिएको छ । यस अवधिमा ७७ अर्ब ७४ करोड बराबर ऋण तिरेको छ ।

यस अवधिमा विनिमय दरका कारण १८ अर्ब १६ करोड बराबर नाफा हुँदा समग्रमा तिर्न बाँकी ऋण ३० खर्ब ९ अर्ब ११ करोड पुगेको हो। यसमध्ये आन्तरिक ऋण १४ खर्ब १० अर्ब र वाह्य ऋण १५ खर्ब ९८ अर्ब बराबर पुगेको कार्यालयले जनाएको छ ।

नेपालको सार्वजनिक ऋणमा आन्तरिक ऋण हिस्सा ४६.८७ प्रतिशत र वाह्य ऋण हिस्सा ५३.१३ प्रतिशत कायम भएको छ । ३० खर्ब सार्वजनिक ऋणलाई जनसंख्यामा भाग लगाउँदा प्रत्येक नेपाली बराबर १ लाख रूपैयाँभन्दा माथि ऋणभार पुगेको छ । कार्यालयका अनुसार नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋणको आधार ४५.५९ प्रतिशत पुगेको छ। यसमध्ये आन्तरिक ऋण २१.३७ प्रतिशत र वाह्य ऋण २४.२२ प्रतिशत बराबर पुगेको तथ्यांक कार्यालयको छ ।

साढे ६ खर्ब ऋण लक्ष्य, १८.७७ प्रतिशत प्रगति

चालु आव सरकारले कुल ६ खर्ब ५८ अर्ब २८ करोड बराबर सार्वजनिक ऋण लिने लक्ष्य राखेको छ। त्यसमध्ये पहिलो त्रैमासिक अवधिभित्र १ खर्ब २३ अर्ब ३२ करोड ऋण परिचालन गरिएको छ। जुन वार्षिक लक्ष्यको तुलनामा १८.७३ प्रतिशत प्रगति हो। सरकारले एक वर्षमा आन्तरिक ऋण ४ खर्ब १० अर्ब उठाउने लक्ष्य राखेको छ। असोज मसान्तसम्म १ खर्ब परिचालन भइसकेको छ। जुन लक्ष्यको २४.३९ प्रतिशत हो । वाह्य ऋण २ खर्ब ४८ अर्ब २८ करोड बराबर उठाउने लक्ष्य राखिएकोमा २३ अर्ब ३२ करोडमात्र परिचालन गरिएको छ । जुन वार्षिक लक्ष्यको ९.३९ प्रतिशत हो। सरकारले साउनमा २३ अर्ब ८४ करोड, भदौ ३८ अर्ब १० करोड र असोजमा ६१ अर्ब ३७ करोड बराबर ऋण परिचालन गरेको छ।

साँवाब्याज भुक्तानीमा तीन महिनामै १ खर्ब हाराहारी

सरकारले पहिलो तीन महिना अवधिमा ऋणको साँवाब्याज भुक्तानीमा १ खर्ब बराबर खर्च गरेको छ । कार्यालयका अनुसार असोजसम्म ९८ अर्ब ८७ करोड ३५ लाख साँवाब्याज भुक्तानीमा खर्च भएको छ । यस वर्ष सरकारले ऋण सेवामा खर्च गर्न ४ खर्ब १७ अर्ब ८८ करोड बजेट छुट्याएको छ । असोजसम्म लक्ष्यको २३.६६ प्रतिशत खर्च भइसकेको छ । यस आवमा सरकारले साँवा भुक्तानीमा ७७ अर्ब ७४ करोड र ब्याज भुक्तानीमा २१ अर्ब १२ करोड खर्च गरिसकेको छ ।

आन्तरिक ऋणको साँवा भुक्तानी ६५ अर्ब १० करोड र ब्याज भुक्तानी १७ अर्ब ६३ करोड बराबर भएको छ । वाह्य ऋणको साँवा भुक्तानी १२ अर्ब ६४ करोड र ब्याज भुक्तानीमा ३ अर्ब ४९ करोड खर्च गरेको छ । सरकारले पहिलो तीन महिनामा पूर्वाधार विकासभन्दा धेरै ठूलो खर्च ऋण भुक्तानीमा गर्नुपरेको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार असोज मसान्तसम्म पूँजीगत खर्च २८ अर्ब ४२ करोडमात्र भएको छ।


कति पुग्यो सार्वजनिक ऋण?

आन्तरिकः १४ खर्ब १० अर्ब ३१ करोड

वाह्यः १५ खर्ब ९८ अर्ब ८० करोड

कुलः ३० खर्ब ९ अर्ब ११ करोड

सरकारले पूँजीगत खर्चको तुलनामा ऋण सेवामा अधिक खर्च



गर्नुले सरकारको उत्पादकत्वको तुलनामा दायित्व व्यवस्थापनमा अधिक खर्च हुने गरेको देखिन्छ । जसलाई महालेखा परीक्षकको ६३औं प्रतिवेदनमा गम्भीर चिन्ताका रूपमा उठाइएको छ । नेपालको अहिलेको सार्वजनिक ऋणको अवस्थालाई विज्ञहरु 'मुलुक धनी नहुँदै ऋणी' बनेको अवस्था मान्छन्। यसलाई व्यक्तिको जीवनसँग तुलना गर्दा ऋण तिर्न पुनः ऋण लिनुपर्ने दलदलमा फस्नु हो । अहिले मुलुकको अवस्था उस्तै बनेको छ।

कसरी बढिरहेछ सार्वजनिक ऋण ?

अर्थ मन्त्रालयको तथ्यांक अनुसार पछिल्लो दशकमा सार्वजनिक ऋण दोब्बरभन्दा धेरै बढेको छ । आव २०७६/७७ सम्म मुलुकको ऋणभार १४ खर्ब ३३ अर्ब ४० करोडमात्र थियो । त्यसयता गुणात्मक वृद्धि भएको ऋणभार अहिले ३० खर्ब नाघेको हो । सात वर्षअघि जीडीपीको ३८.०५ प्रतिशतमात्र रहेको सार्वजनिक ऋण अहिले बढेर ४५ प्रतिशत नाघेको छ। बढ्दो सार्वजनिक खर्च, घट्दै गएको वैदेशिक अनुदान र अपेक्षित राजस्व परिचालन नहुनुजस्ता कारण सार्वजनिक ऋण निरन्तर बढ्दै गएको हो ।

विज्ञका अनुसार उत्पादनमूलक र पूँजी वृद्धि हुने आयोजना छनोट, लगानी प्रतिफलबाट ऋण तिर्न सक्ने अवस्था रहे जीडीपी बराबर नै ऋण लिए पनि जोखिम हुँदैन। तर, नेपालमा त्यस्तो हुन सकेको छैन । २०८१ सालमा सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनले सार्वजनिक ऋण संरचना मात्रा बढे अनुसार जीडीपी र राजस्व परिचालन बढ्न नसक्दा साँवाब्याज भुक्तानी अनुपात बढ्दै गएको उल्लेख गरेको छ ।

'सार्वजनिक ऋणको सही सदुपयोग नगर्ने हो भने र प्रतिफल नहुने हो भने देश ऋणको जालोमा पर्ने सम्भावना बढ्दै जाने छ,' प्रतिवेदनमा छ । प्रतिवेदन अनुसार साँवाब्याज भुक्तानी दायित्व बढ्दै जाँदा शिक्षा, स्वास्थ्य, सुरक्षाजस्ता सरकारले गर्नुपर्ने अत्यावश्यक कामका लागि बजेट अभाव हुने गरेको छ । सोहीकारण सरकारी निकाय र विज्ञले ऋण परिचालन पूँजी निर्माण हुने क्षेत्रमा केन्द्रित गर्न सुझाव दिइरहेका छन् ।

चालु र प्रशासनीय खर्च परिचालनमा कडाइसाथ निषेध गर : आयोग

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक ऋण चालु र प्रशासनिक खर्चमा परिचालन गर्न कडाइसाथ निषेध गर्न सिफारिस गरेको छ । चालु आवका लागि संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋण सीमा तोक्दै आयोगले यस्तो सिफारिस गरेको हो । आयोगले हरेक वर्ष जस्तै आगामी आवका लागि समेत जीडीपीको ५.५ प्रतिशतमा नबढ्ने गरी संघीय सरकारले आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा तोक्दै आएको छ ।

सोही सन्दर्भमा आन्तरिक ऋण परिचालनका लागि सुझाव दिँदै आयोगले प्रशासनिक र चालु खर्चमा कडाइसाथ निषेध गर्न भनेको छ। 'आन्तरिक ऋण उपयोग रोजगारी अवसर सिर्जना गर्न सक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पूँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाका लागि विनियोजन गर्ने, चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्ने,' आयोगले भनेको छ । आयोगका अनुसार २०८१/८२ मा खुद आन्तरिक ऋण परिचालन जीडीपीको १.४१ प्रतिशतमात्र रहेको देखिएको छ । ऋण सेवा खर्च बढ्दै गएका कारण परिचालित अधिकांश आन्तरिक ऋण पुरानो ऋण भुक्तानीमा खर्च भएको हो ।

यस प्रवृत्तिका कारण पूँजी निर्माण हुने र अर्थतन्त्र विस्तारमा अपेक्षित योगदान पुग्न नसकेको आयोगको विश्लेषण छ । आयोगले २०७५/७६ र त्यसयता गरेको सिफारिसमा सरकारलाई पूँजी निर्माणमा खर्च गर्न भनेको छ ।

तर, नेपाल सरकारले कुन क्षेत्रमा आन्तरिक ऋण परिचालन भयो भन्ने विवरण सार्वजनिक गर्न सकेको छैन । सोहीकारण आयोगले भनेको छ, 'ऋण उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन ।' आयोगले आयोजनाहरुको लागत लाभ विश्लेषण, कुल वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजनामा आन्तरिक ऋण केन्द्रित गर्न भनेको छ ।

यसबाहेक आन्तरिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋण उपयोग गर्नसमेत आयोगले भनेको छ । ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्न भनिएको छ ।

उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्नसमेत आयोगले भनेको छ । तीन वटै सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य आन्तरिक ऋण उल्लेख गर्नसमेत सुझाव दिइएको छ । आयोगले सार्वजनिक ऋण व्यवस्थापन कार्यालय मार्फत तीन वटै तहबाट परिचालित आन्तरिक ऋण र समग्र सार्वजनिक ऋणको एकीकृत विद्युतीय सूचना व्यवस्थापन, लेखांकन र प्रतिवेदन प्रणालीको व्यवस्था मिलाउन समेत भनेको छ।

साथै, त्यस्तो प्रणालीमा आयोगको पहुँच रहने गरी सुविधा दिन पनि भनिएको छ । आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरेसरह मानिने भन्दै आयोगले आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको साँवाब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न तीन तहका सरकारले सिफारिस भएको सीमा बमोजिमको आन्तरिक ऋण परिचालन र राजस्व सुधार कार्ययोजना बनाइ कार्यान्वयन गर्न आयोगले सुझाव दिएको छ ।

महालेखाको निष्कर्ष : सार्वजनिक ऋण रकम पूँजी निर्माणमा खर्च भएन

महालेखा परीक्षकको कार्यालयको ६३औं वार्षिक प्रतिवेदनले समेत सार्वजनिक ऋण पूँजी निर्माणमा खर्च नभएको उल्लेख गरेको छ । यस्तो रकम कर्मचारी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालन जस्ता चालु शीर्षकमा समेत खर्च भएको भन्दै प्रश्न उठाएको छ। महालेखाका अनुसार वाह्य मौद्रिक प्रभावका कारण ऋण संरचना संवेदनशील बनेको छ। विदेशी मुद्रामा हुने विनिमय जोखिम व्यवस्थापन गर्न सकिने वित्तीय उपकरण परिचालन गर्न सकिनेतर्फ दृष्टिगत गरी उत्पादकत्व प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन गन महालेखाले सुझाव दिएको छ। अर्कातर्फ, महालेखाले कुल राजस्व असुली लक्ष्यभन्दा ८० प्रतिशत हाराहारी मात्र हुँदा आन्तरिक स्रोतमा चाप पर्ने गरेको प्रवृत्ति उल्लेख गरेको छ । ऋण सेवा (साँवाब्याज भुक्तानी) को बढ्दो दायित्वका कारण अन्य खर्चका लागि ऋणमा आश्रित हुनुपर्ने प्रवृत्ति बारे महालेखाले भनेको छ, 'चालु खर्चलाई वाञ्छित सीमामा राखी ऋण रकमलाई प्रतिफल दिने योजनामा परिचालन गर्ने गरी बजेट व्यवस्था गर्नुपर्छ ।' अनलाइनखबरबाट

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

संपर्क, संलग्नता र प्रमाणका आधारहरु खुल्दै जालान- तर मुलुकको लागि दुखको कुरा के हो भने राज्यको उच्च गर्व गर्ने पदमा पुर्याएका हरेक व्यक्तिले एक अर्कालाई बदनाम गर्दागर्दै मुलुक सून्यतामा भासियो।
युवा 'बिचौलिया' इनम सापकोटा विचौलिया राज्यका आदर्श युवा हुन्। राज्यको चरित्र नै विचौलिया भएपछि छदम विचौलिया (कॉग्रेस, एमाले, माओवादी, मधेशवादी आदि) लाई परास्त गर्दै बालेन्द्र शाह, रवि लामिछाने र सुदन गुरूङजस्ता प्रतक्ष्य विचौलिया मैदानमा आएका हुन्। भ्रममा पर्ने पर्दैन ।



Narayan Amrit
x.com/amritna

३०-३१ वर्षे इलम सापकोटाको 'नेक्सस' हेर्दा सबैलाई आश्चर्यमा पार्ने खालको देखियो । इलम, इलम, इलम भनेर चिच्याउनूको खास अर्थ छैन। इलम यस्तो विम्ब हो जसले हाम्रो राजनीति, अदालत र सुरक्षा प्रशासनलाई एक्कै पटक ऐना देखाइदिएको छ । हाम्रो प्रणालीको धरातल यो तन्नेरी देखाइदियो। उसको भागको दण्ड उसैले भोगोस्, सुधन पर्ने र सुधार्ने जिम्मा लिएकाहरूले यो रोगको निरूपण कसरी गर्छन्, हेर्नुछ ।



Tara Nath Dahal
x.com/tndahal7

बिचौलिया धन्दाका मानिसले सार्वजनिक मानिसको टेलिफोन वा सन्जालमा सम्पर्क राख्न वा कल गर्न वा सन्देश पठाउन सक्छ ।
त्यसको रेकर्ड देखिककदैमा अर्को पक्षलाई ठाडै शंकास्पद भन्ने वा आरोपित गर्ने काम पत्रकारहरूले गर्दैनन,गर्नु हककुदैन ।
संवाद दोहेरो छ-छैन र त्यसमा के गलत कुरा छ जककाचिनु पर्छ ।

नेपथ्य लाइभ इन शुक्लागण्डकीको 'एजुकेशनल पार्टनर'मा लिटल गार्डेन

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

नेपथ्य लाइभ इन शुक्लागण्डकीको एजुकेशनल पार्टनरमा लिटल गार्डेन इङलिस बोर्डिङ स्कुलले सघाउने भएको छ । शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडामा रहेको विद्यालयले 'एजुकेशनल पार्टनर' मा सघाउने सम्झौता गरेको हो । बिहीबार नेपथ्य लाइभ इन शुक्लागण्डकीको विज्ञापन संयोजक बुद्धिबहादुर थापा, आयोजक लायन्स क्वल अफ शुक्लागण्डकीका अध्यक्ष देवेन्द्रबहादुर ढुंगानाले विद्यालयकी निर्देशक प्रतिभा लामीछाने पौडेलसँग सम्झौता गरे ।

शिक्षामा संगीतलाई जोड्न पाएकोमा उत्साहित भएको निर्देशक लामीछानेको भनाइ छ । 'नेपाथ्य लाइभ इन शुक्लागण्डकीको एजुकेशनल पार्टनर हुन पाएकोमा उत्साहित छौं, उनले भने, 'सहकार्यले दुवै क्षेत्रलाई फाइदा पुग्ने विश्वास छ ।' नेपथ्य लाइभ इन शुक्लागण्डकी सफल हुने उनले बताइन् । विज्ञापन संयोजक बुद्धिबहादुरले शुक्लागण्डकीलाई चिनाउदै शिक्षा क्षेत्रमा सहयोग गर्ने उदेश्यले कार्यक्रम आयोजना गरेको बताए । शिक्षा क्षेत्रबाट प्राप्त सहयोगले हौसला थपेको उनको भनाइ थियो ।

'गण्डकीको सुस्केरामा नेपथ्यको धुनः नेपथ्य लाइभ इन शुक्लागण्डकी' आगमी मंसिर १२ गते भानुभक्त बहुमुखी क्याम्पसको खेलमैदानमा हुदैछ। शुक्लागण्डकीकै ऐतिहासिक सांगीतिक उत्सवको रूपमा मनाउने तयारी छ । विपन्न वर्गका विद्यार्थीलाई छात्रवृत्ति र शैक्षिक सामग्री सहयोग गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको क्लबका अध्यक्ष ढुंगानाले बताए । कन्सर्टमा १० हजार संगीतप्रेमीलाई झुमाउने तयारी छ ।

लायन्स इन्टरनेशनलको 'पढाऊ' अभियान अन्तर्गत शिक्षा क्षेत्रमा सहयोग पुर्याउने उद्देश्यले साङ्गीतिक कार्यक्रम आयोजना गरेको कार्यक्रम संयोजक खुमबहादुर विक 'राजु' ले बताए । बचत रकमले विपन्न वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति, शैक्षिक सामग्री र पोसाक वितरण गर्ने लक्ष्य रहेको उनले जानकारी दिए । संगीत केवल मनोरञ्जनको माध्यम मात्र नभई समाजलाई जोड्ने, सकारात्मक सन्देश प्रवाह गर्ने र सामाजिक अभियानलाई उकास्ने एक प्रभावकारी माध्यम भएको उनले सुनाए । त्यही माध्यमले तनहुँसहित कास्की, स्याङ्जा, लमजुङ, गोरखा, पाल्पा र आसपासका तमाम संगीतप्रेमी, विद्यार्थी, युवा, व्यवसायी, उद्यमी, पेसाकर्मी तथा सर्वसाधारणलाई एउटै सांगीतिक मञ्चमा जोड्ने दाबी छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४